# सुदूरपश्चिम प्रदेश
# सचिव बैठकको निर्णयहरु
# बैठक संख्याः- ७/२०७५
# मितिः- २०७५/०५/२१

**२०७५ साल भाद्र २१ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, धनगढी, कैलालीमा बसेको सचिव बैठकको निर्णयहरू**

१) श्रीमान् प्रमुख सचिव नारायणप्रसाद विडारीज्यू प्रदेश नं ७ मा २०७५।५।१९ का दिन बहाली हुनु भै आजको सचिवस्तरीय बैठक आयोजना भएकोमा वहाँ प्रति स्वागत गरियो ।

२) चालु आ.व. २०७५।०७६ को बजेट तथा कार्यक्रमको हाल सम्मको प्रगति प्रस्तुत भयो । सो अनुरुपको वार्षिक कार्यक्रम, चौमासिक/मासिक कार्ययोजना स्वीकृत गरी निर्धारित समयमा गुणस्तरीय, मितव्यायी एवंम् पारदर्शि तवरले सम्पन्न गर्न गराउन नियमित रूपमा आन्तरिक अनुगमन।मुल्याङ्कन समेत गर्न गराउन विषयगत मन्त्रालय निकायमा सचिव स्वयंम क्रियाशिल रहने । साथै पाक्षिक कार्यायोजना तयार गरी पेश गर्ने ।

३) भए गरेको कार्यको प्रत्येक विषयगत मन्त्रालयहरुले मासिक प्रगति विवरण पछिल्लो महिनाको ७ (सात) गतेभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

४) प्रदेश सरकारको विषयगत मन्त्रालय/निकाय/मातहत रहने संगठन संरचना जनशक्ति तथा अन्य व्यवस्थापकीय कार्य प्रभावकारी तुल्याई तत सम्बन्धी अभिलेख अध्यावधिक गरी प्रतिवेदन गर्ने समेतका कार्य तर्फ संवद्ध विषयगत मन्त्रालयका सचिव स्वंय क्रियाशिल रहने ।

५) प्रदेश सरकार अन्तर्गतका मन्त्रालय/सचिवालय/कार्यालहरुले विद्युतीय हाजिरीको Device जडान गरी installation गर्ने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिने साथै प्रत्येक कर्मचारीहरुलाई जिम्मेवार वनाउन समयको परिपालन लगायत नागरिक प्रति जिम्मेवार र जवाफदेही तुल्याउन क्रियाशिल रहने ।

६) Hello CM कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउन प्रदेश सरकार अन्तर्गतका मन्त्रालय/सचिवालय/कार्यालहरुमा Hello CM हेर्ने Focal Person तोकि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई जानकारी गराउने ।

७) २२ भाद्र २०७५ को निजामती सेवा दिवस मूलसमारोह समिति द्धारा निर्धारित सबै कार्यक्रममा सबै राष्टसेवक कर्मचारीहरूको सहभागिता जनाउने ।